# दिगो माटो व्यवस्थापन  किन र कसरी

*सदानन्द जैसी अभागी*

## परिचय

दिगो शब्दको अर्थ टिकाउ हो । टिकाउ के को लागि भन्दा माटोको उर्वराशक्ति र उत्पादन शक्तिलाई कायम राख्न र बढाउनकने लागि । त्यसो हुादा साधारणतय दिगो माटो व्यवस्थापन भनेको माटोको उर्वराशक्ति र उत्पादनशक्तिलाई कायम राख्नु / बढाउनु हो । यसलाई यसप्रकार परिभाषित गर्न सकिन्छ। दिगो माटो व्यवस्थापन भनेको एउटा पद्धती हो । जसमा सामाजिक-आर्थिक अवस्थालाई मध्य नजर राख्दै स्थानीय स्रोतलाई एकीकृत तथा अधिकतम् परिचालनको साथै पर्यावरण असरलाई न्यूनिकरण  गरेर माटोको उत्पादनक्षमतालाई  दिगोरुपमा बढाउन सकिन्छ। यसमा हामीले दुई वटा कुरामा ध्यान दिनु पर्दछ । सर्वप्रथम  उत्पादनतत्व भन्दा माटो, वीउ, मल, सिाचाइ, बाली संरक्षण तथा प्रविधिलाई सम्फनु पर्दछ । यसलाई हामीले सुव्यवस्था गर्नु पर्दछ । यदि सुव्यवस्था मिलाउन सकिएन भने दिगो रुपमा उत्पादन तथा उर्वराशक्ति बढाउन सकिदैन । अर्को पक्ष भनेको सामाजिक तथा आर्थिक रुपमा स्वीकार्य हुने खालको कार्यक्रम संचालन गर्नु हो ।  कार्यक्रमलाई सुचारु रुपले संचालन गर्नको लागि कृषकले मन पराउनु पर्दछ, कार्यक्रमा प्रयोग हुने कृषि सामाग्रीहरु सजिलै प्राप्त हुने खालका हुनु पर्दछ र राज नैतिक प्रतिबद्धता पनि चाहिन्छ ।

## माटो व्यवस्थापन गर्नुपर्ने राष्ट्रिय प्राथमिकता किन ?

नेपालको माटोको उर्वरा शक्ति घट्दो रुपमा छ । प्राङ्गारिक पदार्थ घट्दै जानु, अम्लियकरण बढ्दै जानु, भू-क्षय बढ्नु, बेसी तथा तराई खेतहरुमा पांगो भरिनु, जङ्गलको ह्रास, बाली सघनता बढनु, एकै किसिमका बालीको बालीचक्र लामो अवधी सम्म अपनाउनु, असंतुलित रासायनिक मलको प्रयोग, कम गुणस्तरका मल तथा रसायनिक मलको प्रयोग, मरुभूमि करण, वातावरणीय प्रदुषण, ढापिलो जमिनको व्यवस्थापन नहुनु, रातो माटोको व्यवस्थापन गर्न नसक्नु, आदि माटोको उर्वराशक्ति घट्नुका मुख्य कारणहरु हुन् । माटो कृषि उत्पादनको एउटा मुख्य तत्व हो । उर्वरा शक्ति घट्दै जाने र माटो व्यवस्थापनमा जोड नदिने हो आजको बढ्दो जनसंख्यालाई खाना खुवाउन सकिदैन । त्यसो हुँदा माटो व्यवस्थापन कार्यक्रमलाई राष्ट्रिय प्राथमिकताको रुपमा अघि बढाउनु पर्दछ ।

## नेपालको माटोको उर्वराशक्तिको स्थिति

नेपालको विभिन्न ठाउँको माटोको नमूनालाई बिश्लेषण गरेर हेर्दा तलको तालिकामा उल्लेख गरिए अनुसारको नतिजा पाइयो ।

| प्राङ्गारिक पदार्थको अवस्था % | | | फस्फोरसको अवस्था % | | | पोटासको अवस्था % | | | पिएचको अवस्था % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | | | तह | | | तह | | | तह | | |
| कम | मध्यम | अधिक | कम | मध्यम | अधिक | कम | मध्यम | अधिक | अम्लिय | तटस्थ | क्षारिय |
| ५८.५ | ३३ | ८.५ | २९ | २३ | ४८ | २९ | ३२ | ३९ | ६३ | २७ | १० |

*स्रोत माटो व्यवस्थापन निर्देशनालयको बार्षिक पुस्तिका*

प्राङ्गारिक पदार्थलाई माटोको मुटु भनिन्छ । माटो जाँचको नतिजाले माटोमा प्राङ्गारिक पर्दाको अवस्था कम (५८ % ) देखाउँदछ । यसरी नै ६३ प्रतिशत माटो अम्लिय प्रकारको देखिन्छ । त्यसो हुँदा माटोको प्रङ्गारिक पदार्थलाई बढाएर लानुपर्ने देखिन्छ भने अम्लिय माटोमा कृषि चूनको प्रयोग गरेर सुधार गर्नु पर्ने हुन्छ ।

## दिगो माटो व्यवस्थापनको लागि सञ्चालित कार्य क्रमहरु

माटो र मल विश्लेषण, उर्वराशक्ति नक्सा तयार, माटो जाँच शिविर, किसान देखि किसान सम्मको कार्यक्रम, एकीकृत कृषक पाठशाला संचालन, विविध प्रकाशनहरु, बाली कटानी, तरकारी प्याकेज कार्यक्रम, तरकारी वीउ तथा  मिनीकिट वितरण, कार्यशाला, गोष्ठी, तालिम, कम्पोष्ट प्रदर्शन, हरियो मल बाली प्रदर्शन, कृषक दिवस, अनुगमन, एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला संचालन, डाले घाँस लगाउने, सुन्तला जात बगैंचा व्यवस्थापन आदि कार्यक्रम माटो व्यवस्थापनको लागि सञ्चालन भै रहेका छन् । नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर मध्ये ५१,८१७ वर्ग किलोमिटर हिमाली क्षेत्रमा पर्दछ । ६१,३४५ वर्ग किलो मिटर जमिन पहाडमा पर्दछ र ३४,०१९ वर्ग किलो मिटर जमिन मात्र तराईमा पर्दछ । धेरै भूभाग पहाडले ओगटेको छ र कृषकले खेती गर्ने जग्गाको भिरालोपन ३० डिग्री भन्दा बढ्ता देखिन्छ । धेरै भिरालो जमिनमा खेती गर्न हुँदैन भू-क्षय बढेर जान्छ तर कृषकले यस्तो जमिनलाई पनि प्रयोगमा ल्याउन बाध्य छन् । यसले गर्दा अफै माटोको क्षती बढेर गएकोछ ।

## माटो व्यवस्थापनमा नीतिगत पक्षहरु

दीर्घकालिन कृषि योजनाले प्राथमिकता प्रदत्त उत्पादन साधनहरु भनेर रासायनिक मल, सिंचाई, प्रविधि, कृषि सडक र ग्रामिण विद्युतीकरणलाई लिएको छ ।

यसरी नै दशौं पञ्चवर्षीय योजनामा माटो व्यवस्थापनमा नीतिगत पक्षहरु यसप्रकार देखिन्छन् ।

१. प्राङ्गारिक र जैविक मलको प्रयोगमा बढवा दिने, रासायनिक मलको सन्तुलित र उपयुक्त मात्रामा प्रयोग गर्ने, कृषि बजार स्थलहरुको फोहोर मैलाबाट प्राङ्गारिक मल बनाउने, जस्ता कार्यक्रमहरुमा सहकारी तथा निजी क्षेत्रहरुलाई प्रोत्साहन गरिने छ ।

२. पहाडी क्षेत्रमा भिरालो जग्गाको भिरालो कृषि जमिन प्रविधि प्रयोग गरी करार या सहकारी व्यवस्थापनमा पर्या–खेती तथा पर्या–पर्यटन विकास गर्न प्रोत्साहित गरिने छ ।

३. खेती योग्य जमिनको खण्डिकरण, नियन्त्रण र वैज्ञानिक भू–व्यवस्थापन चक्ला बन्दिलाई स्थानीय निकायको सहयोग समेतमा व्यवस्थित गरिने छ ।

दशौं पञ्च वर्षीय योजनाले लिएको अवधारणा अनुकूलको हुने गरी तयार गरिएको कृषि नीति २०६१ ले पनि माटो व्यवस्थापन गरी प्राङ्गारिक खेती गर्न प्रोत्साहन गर्ने गरी निम्न नीति अवलम्बन गरेको छ ।

१. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिने छ । प्राङ्गारिक खेती गरी कृषिवस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषि वस्तुहरुको गुणस्तर प्रमाणीकरणको लागि टेवा पुऱ्याइनेछ ।

२. कृषि रसायनहरुको प्रयोगबाट माटो तथा जलाशयमा पर्ने नकरात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिने छ । साथै पशुपन्छीमा प्रयोग हुने औषधी तथा हर्मोनहरुको प्रयोगमा कमी ल्याइनेछ ।

*श्री ५ महाराजाधिराज सरकारको अध्यक्षतामा मिति २०६१/१०/२० मा बसेको मन्त्रिपरिषदले जारी गरेको कार्यक्रमको तेस्रो र चौथो बुँदामा*

१. सुकुम्बासी, भूमिहीन, किसान, र मुक्त कमैयाको गाँसबासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिनेछ ।

२. चौथो बुदामा गरिबी विवारणको लागि राष्ट्रिय बृद्धि गर्नु अनिवार्य भएकोले, देश सुहाउँदो आधुनिक एवं बैज्ञानिक कृषि प्रणाली, व्यापक रुपमा साना तथा ठूला सिंचाइ आयोजना, भौगोलिक सम्भाव्यताका आधारमा वागवानी र विशेष नगदे बाली पशुपंछीपालन आदिको योजनाबद्ध कार्यकम एक महिना भित्र लागू गरिने छ " भनि उल्लेख गरिएको छ ।

माथि उल्लेखित उद्देश्यलाई सबै (सरकारी तथा गैह्र सरकारी) क्षेत्रबाट सबैले मनन गरी प्रभावकारी रुपमा अघि बढाउन सकियो भने अवश्य पनि दिगो उत्पादन लिन सकिन्छ । दिगो उत्पादन लिन माटोको उर्वराशक्तिलाई दिगो रुपमा बढाएर लान आवश्यक हुन्छ । यसको लागि केवल नीतिको निमार्ण, नीतिगत निणर्य र नाराले मात्र पुग्दैन । यहाँ त सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट लिएका नीति र कार्यक्रमहरुलाई कार्यन्बयन गर्ने प्रतिबद्धता चाहिन्छ । स्थानीय स्रोत र साधनको परिचालन राम्रो रुपमा गर्न सक्नु पर्दछ । नेपालमा माटोलाई दिगोरुपमा मलिलो पार्ने गोवर मलको ठूलो मात्रा जलेर जान्छ । उर्जाको करिव ५.७४ प्रतिशत गोबरले आपूर्ति गरेको छ भने कृषि अवशेषले (भुस पराल ढोड, छ्वाली ) ३.७७ प्रतिशत ओगटेको छ । माटोमा गोबर मल राख्न कठिन परेको छ । त्यसो हुँदा माटोलाई दिगो रुपमा मलिलो पार्ने नै हो भने गोवर गहुँतलाई जलाउनबाट बचाउन अभियानको साथ लाग्नु पर्दछ । स्थानीय स्रोत र साधनलाई अधिकतम प्रयोग गर्नै पर्दछ र रासायनिक मलको मात्रा कटौती गर्दै लानु पर्दछ । भिरालो जमिनको खेती प्रविधिलाई कार्यन्वयन हुनु पर्दछ । यसो गर्दा नेपाल जस्तो पहाडै पहाडले भरिएको देशको माटो वग्नबाट जोगिन्छ ।

वास्तवमा कृषिमा दिगो उत्पादनको लागि माटो दिगोरुपमा मलिलो हुनु आवश्यक छ । कृषि उत्पादनको लागि सरकारी नीतिहरु प्रष्ट रुपमा प्रष्टिएका छन् । तर यी नीति अनुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने अहिलेको आवश्यकता रहेको छ । यिनको सही कार्यन्वयन नै कृषि विकासमा देश आत्म निर्भरता तिर लाग्नेछ । सोको लागि माटो व्यवस्थापन पक्षलाई अग्रणी रुपमा लिएर माटो दिगो रुपमा उर्वरक र उत्पादनशील पार्नु आजको आवश्यकता हो ।



*जुम्ला जिल्लामा फलिरहेको कोदो बाली*